# भुमिसुधार तथा मालपोत कार्यालय भैरहवा बाट छुट जग्गा दर्ता सम्बन्धमा जारी भएको ३५ दिने सार्वजनिक सुचना ।

सुचना । सुचना ॥ सुचना ॥।

उप्रान्त,

जिल्ला रुपन्देही गैडहवा गाउँपालिका वडा नं. ४ बस्ने झमई भरको नाति जोखु प्रसाद भरको छोरा रामलौट भरले हाम्रो वावु जोखु प्रसाद भरको मिति २०५६/११/०१ गते आफ्नै कालगतिले मृत्यु भैसकेको आमा फेकेनि भरिनको मिति २०७८/०७/२६ मा आफ्नै कालगतिले मृत्यु भैसकेको र मृतकको नजिकको हक खाने हामि छोराहरु रामलौट भर ,रामकेवट भर, राम वेलास भर र श्रीराम भर रहेकोमा भाईहरु रोजगारीको सिलसिलामा विदेशमा रहेकोले निजहरुको सहमतिमा वावु जोखु प्रसाद भरको पाला देखि भोगचलन गर्दै आएको साविकमा सर्बे नापि भइ दर्ता छुट हुन गएको जिल्ला रुपन्देही साविक विष्णुपुरा गा.वि.स वडा नं ९क को कि.नं ३४४ ज.वि २-१२-३ को कित्ता जग्गा मालपोत ऐन २०३४ को दफा ७(२) र नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता गरि ज.ध प्रमाण पुर्जा पाउँ भनि मिति २०८०।१२।०५ मा माग निवेदन पेश गर्नुभएकोले निवेदकको माग बमोजिम छुट जग्गा दर्ता गर्दा अन्य कसैको ब्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए स-प्रमाण सहित आफै वा वारेसमार्फत यो सुचना प्रकाशन भएको बाटोको म्याद बाहेक ३५ दिन भित्र हकदाविको लागि आउनुहोला, अन्यथा सो म्याद नाघेमा कानून बमोजिम भई जाने ब्यहोरा अनुरोध छ ।

**जग्गाको बिबरण**

| क.स | जिल्ला | गा.वि.स | वडा | कि.नं | क्षेत्रफल | फिल्डवुकको बिबरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | विष्णुपुरा | ९क | ३४४ | २-१२-३ | - | |

ईति सम्बत २०८० साल चैत्र ०५ गते रोज २ शुभम ।

मालपोत अधिकृत